**Voice : A Biannual & Bilingual Journal**
*2023 December, Vol : 15, No. 2, pp.113-124*
DOI : https://doi.org/10.3126/voice.v15i2.61455

# रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतको वस्तुविधान

**प्रदीपप्रसाद ज्ञवाली**[1]

Article History: Received: September 05, 2023 Reviewed : November 02, 2023 Accepted: December 10, 2023

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा पाल्पा जिल्लाको रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूको संरचनात्मक अध्ययन पद्धतिका माध्ययमबाट यी गीतको वस्तुविधानको निरुपण गरिएको छ । रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूमा सामाजिक, ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिक एवं पौराणिक विषयवस्तु समाविष्ट भएको पाइन्छ । यी फागुगीतमा समाविष्ट विभिन्न विषयवस्तुका माध्यमबाट हर्ष र खुसियाली, विरह र वेदना, राष्ट्रप्रेमको भावना, धार्मिक एवं सांस्कृतिक चेतना, पाप र पुण्यसम्बन्धी विश्वास, मानव जीवनको महिमा गान तथा भौगोलिक र ऐ तिहासिक चेतना मुखरित भएको पाइन्छ । यहाँ प्रचलित फागुगीतमा विशेषगरी विरह र वेदना एवं हर्षभावको अभिव्यक्ति पाइनुका साथै यी गीतले ईश्वर भक्तिको भावलाई उजागर गरी ईश्वरीय शक्तिको महिमा र यस संसार को पालन तथा संरक्षणमा ईश्वर वा दैवी शक्तिको भूमिकालाई प्रस्तुत गरेका छन् । यी धार्मिक गीतहरूको भावभूमि धर्म वा संस्कारजन्य कुरा र तिनको अर्थ तथा भक्तिमार्गसँग जोडिएको छ । यहाँ प्रचलित फागुगीतमा प्रखर रूपमा र ाष्ट्रियताको भावना प्रस्तुत भएको पाइन्छ । स्वर्गजस्तो सुन्दर नेपाल राष्ट्रको मुहार फेर्न र मातृभूमिलाई हँसाउन विदे शिएका युवाहरू स्वदेशमै फर्किएर यसलाई स्वाधीन बनाउनु पर्ने कुराको अभिव्यक्ति रहेको पाइन्छ भने भौगोलिक र ऐतिहासिक फागुगीतमा पाल्पा जिल्लाको भौगोलिक अवस्थितिको चित्रण गर्नुका साथै सेन वंशीय राजाले राजधानी बनाई राज्य गरेको पुरानोकोट दरबार अनि त्यसको नजिकै भैरवस्थानमा अवस्थित एसियाको सबै भन्दा ठुलो त्रिशुल भएको भैरवको मन्दिर, पाल्पाको सदरमुकाममा रहेको दरबार र त्यसको ठुलो ढोका तथा नेपालको ताजमहल भनेर चिनिने कालीगण्डकीको किनारमा रहेको रानीमहलको महिमागान गरी देशप्रेमको भावना अभिव्यक्त गरेको पाइन्छ ।

**शब्दकुञ्जी :** अवस्थिति, भक्तिमार्ग, भावभूमि, राष्ट्रियता, हर्षभाव ।

[1]उपप्राध्यापक, भित्रुवन विश्वविद्यालय, बुटवल बहुमुखी, क्याम्पस, बुटवल
इमेल : gyawalipradip98@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

नेपालको लुम्बिनी प्रदेशअन्तर्गत पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट दश किलोमिटर पश्चिम क्षेत्रमा रिब्दीकोट गाउँपालिकामा क्रमशः ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गरी आठ ओटा वडा छन् । यस क्षेत्रमा माथि उल्लेख गरिएका वडाअनुसार जम्मा आठ ओटा गाउँ विकास समिति रहेका थिए । यिनै आठ ओटा गा.वि.स. मिलेर अहिले रिब्दीकोट गाउँपालिका बनेको छ । यो गाउँपालिका साहित्यिक, धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेको छ । सेन वंशीय राजाले यस क्षेत्रलाई राजधानी बनाई शासन गरेका थिए । यस क्षेत्रका सेन राजाका दरबार नजिक प्रसिद्ध मठमन्दिरहरू रहेका छन् । लुम्बिनी प्रदेशको रिब्दीकोट गाउँपालिका लोकसाहित्यको उर्भर भूमि हो । यस क्षेत्रमा विभिन्न लोकसंस्कारहरूका साथै थुप्रै लोकगीतहरू प्रचलनमा रहेका पाइन्छन्, जसमध्ये फागुगीत पनि एक हो ।

लोकगीत लोकसाहित्यको गेयात्मक विधा हो । 'लोक' र 'गीत' दुईवटा शब्दहरूको संयोजनबाट बनेको 'लोकगीत' शब्दको अर्थ लोकले गाउने वा लोकको गीत भन्ने बुझिन्छ । लोकसाहित्यका अन्य विधाले भन्दा लोकगीतले लोकजीवनका विविध पाटाहरूलाई समेट्दछ । लोकगीत लोकजीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति भएकोले यसमा लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चाल चलन, विधि व्यवहार, आस्था र मान्यताहरू चित्रित भएका हुन्छन् । लोकगीतहरू प्रायः धार्मिक, पार्विक, सांस्कारिक, कर्म तथा अन्य अवसरहरूमा लोकनृत्य प्रस्तुत गर्दा वा मानव मनका दुःख-सुख व्यक्त गर्ने क्रममा गाइने चलन छ । लोकगीत मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ र समाजका हरेक पक्षहरूलाई प्रतिबम्बित गर्दछ । यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गतिशीलता दिने काम गर्दछ । यसरी जीवनका विविध पक्षहरूको यथार्थलाई व्यक्त गर्ने सहज, लयात्मक, सशक्त र प्रभावकारी माध्यम नै लोकगीत हो । फागुगीत पनि लोकगीतअन्तर्गत पर्दछ त्यसैले लोकगीतका यी विशेषताहरू यस गीतमा पनि पाइन्छन् ।

फागुगीत रिब्दीकोट क्षेत्रको लोकसाहित्यअन्तर्गत पर्ने प्रसिद्ध पर्वगीत हो । फागुन महिनाको अष्टमीदेखि पूर्णिमासम्म मनाउने हुनाले यसलाई फागुपर्व भनिन्छ । यसलाई होलीपर्व पनि भनिन्छ । यहीँ फागुपर्वका अवसरमा गाइने हुनाले यस गीतलाई फागुगीत भनिएको हो । स्थानअनुसार फागु खेल्ने र गीत गाउने तरिकामा पनि भिन्नता रहेको पाइन्छ । रिब्दीकोट गाउँपालिकामा प्रचलित फागुगीत अन्य क्षेत्रको भन्दा भिन्न र विशिष्ट प्रकारको रहेको छ । यस आलेखमा यस क्षेत्रमा प्रचलित फागुगीतहरूको खोजी  गरी तिनको वस्तुविधान केकस्तो रहेको छ भन्ने मुख्य प्रश्नमा केन्द्रित रही तिनको वस्तुविधान निरुपण गर्ने प्रमुख उद्देश्य राखिएको छ ।

## अध्ययनविधि

प्रस्तुत शोधकार्य गर्न सामग्री सङ्कलनका लागि सर्वप्रथम क्षेत्र छनौट गरी प्राथमिक र द्वितीयक सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतमा क्षेत्रीय कार्य र द्वितीय स्रोतमा पुस्तकालयीय कार्यका माध्ययमबाट सामग्री सङ्कलन गरिएको छ । यस सन्दर्भमा प्राथमिक स्रोतका सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन र द्वितीयक स्रोतका सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्य अवलम्बन गरिएको छ । प्राथमिक स्रोतकाअन्तर्गत क्षेत्रकार्य गरी सामग्री सङ्कलन गरिएको छ । त्यस क्रममा रिब्दिकोट गाउँपालिकाका ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेकबाट नमूना छनोट विधिका माध्ययमबाट फागुगीतहरू सङ्कलन गरिएको छ । यस्ता गीतहरूको विश्लेषण पद्धतिसँग सम्बन्धित विभिन्न लेखकहरूका पुस्तक तथा लेखजस्ता सैद्धान्तिक सामग्रीका साथै लोकगीत र लोकगीत विश्लेषणसँग सम्बन्धित पूर्वकार्यहरू, पूर्व अध्ययेता आदिबाट सङ्कलित सामग्रीहरू द्वितीयक सामग्री हुन् । यस किसिमका सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

फागुगीतको अध्ययनका सन्दर्भमा प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि संरचनावादी अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । लोकगीतको पर्वगीतअन्तर्गत पर्ने फागुगीतको अध्ययनका लागि छुट्टै सिद्धान्तको स्थापना नभएको हुनाले सङ्कलन गरिएका फागुगीतलाई लोकगीतका संरचक तत्त्वका आधारमा यसको वस्तुविधानको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतलाई यसका संरचक घटकका आधारमा वर्णन र विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको हुनाले यसमा मूलतः संरचनावादी पद्धतिको प्रयोग गरिएको छ । संरचनावादी पद्धतिबाट लोकसाहित्य तथा जुनसुकै साहित्यिक कृतिको वस्तुगत विश्लेषण गर्न सकिन्छ । यस पद्धतिको अनुशरण गरी फागुगीतको अध्ययन गर्दा गीतमा पाइने घटक तथा तिनको आपसी सम्बन्धको विश्लेषण हुन्छ । लोकगीतको संरचना भनेको यसको समग्र बनावट वा सङगठन हो । अवयव हुने प्रत्येक वस्तुको संरचना हुन्छ यस सन्दर्भमा संरचनाले यसको बृहत् घटकलाई जनाउँछ (शर्मा, २०४८, पृ. ३३) । फागुगीतको आकार वा स्वरूप यसको बाह्य संरचना हो अर्थात् यसको बाह्य संरचना भनेको बाहिरी रूपमा देखिने स्थूल बनोट वा यसको आवरण हो । यसको आन्तरिक संरचना गीतको कथ्यसँग सम्बन्धित भाव वा विचार, लय आदिले बनेको हुन्छ ।

लोकगीतमा रहेको विचार वा केन्द्रीय कथ्य नै यसको वस्तु हो । लोकगीतमा जे भनिन्छ त्यो नै कथ्य वा भाव हो (लामिछाने, २०७७, पृ. १३४) । लोकगीतमा वस्तु गीतको विषय र त्यसले अभिव्यक्त गर्ने वैचारिक अभिव्यक्तिमा अन्तर्निहित हुन्छ । साहित्यमा वस्तु भन्नाले कृतिको मुख्य तत्त्व वा सारपूर्ण कुरालाई बुझिन्छ । वस्तुले कृतिको मुख्य तत्त्वलाई जनाउँछ । सबै प्रकारका साहित्यिक कृतिमा वस्तुको उपस्थिति हुन्छ । कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्त्व वा गुदीलाई वस्तु भनिन्छ (लुइटेल, २०६२, पृ. २१९) । साहित्यको संरचना र प्रकृतिअनुसार त्यसको वस्तुमा पनि भिन्नता हुन्छ । प्रगीतात्मक संरचना भएका कृतिमा वस्तु कृतिको भाव वा विचारका रूपमा आएको हुन्छ भने आख्यानात्मक संरचना भएका कृतिमा घटना वा प्रसङ्गका रूपमा वस्तु आएको हुन्छ (लुइटेल, २०६२, पृ. ३०८) । लोकगीतको संरचना प्रगीतात्मक एवं आख्यानात्मक हुने भएकाले प्रगीतात्मकमा आख्यानको हिस्सा अतिन्यून रूपमा रहन्छ भने आख्यानात्मकमा चाहिँ आख्यानको प्रबलता रहन्छ ।

फागुगीतमा वस्तु यसको विषय र त्यसले अभिव्यक्त गर्ने भावात्मक वा वैचारिक अभिव्यक्तिमा निहित हुन्छ । यसर्थ फागुगीतमा वस्तुको विश्लेषण गर्दा त्यसको विषय र भाव वा विचार पक्ष केलाउनु जरुरी हुन्छ । वस्तुलाई कुनै पनि साहित्यिक वा लोकसाहित्यिक कृतिको प्रमुख अवयव मानिन्छ । वस्तुको अभावमा कृतिको अस्तित्व हुँदैन । वस्तुभित्र विषयतत्त्व, आधारतत्त्व र यथार्थ पर्छन् । फागुगीतको संरचना प्रगीतात्मक र आख्यानात्मक हुने भएकाले यसमा वस्तुको उपस्थिति गीतमा रहेको मानवीय अनुभव, विषयवस्तु र अनूभूतिमा तथा चिन्तनप्रवाहमा हुन्छ । रचनाकारले राखेको विचार वा केन्द्रीय कथ्य नै फागुगीतको वस्तु हो र यो यसको प्राण हो । अतः फागुगीतका सन्दर्भमा यसले ग्रहण गरेको विषयवस्तु र सोमाथि उभिएर रचनाकारले अभिव्यक्त गरेको विचारलाई नै फागुगीतको वस्तु भनिन्छ । रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूको संरचनात्मक अध्ययन गर्ने ध्येयका साथ सम्पन्न यस अध्ययनमा सो क्षेत्रमा प्रचलनमा रहेका विभिन्न फागुगीतहरूको वस्तुविधानको विश्लेषण गर्ने कार्य गरिएको छ ।

फागुगीतको अध्ययनका सन्दर्भमा यसको संरचनात्मक विशेषताका आधारमा वस्तुको उपस्थिति भाव वा विचारमा नै हुन्छ । त्यसैले यस अध्ययनमा वस्तुका रूपमा भाव वा विचारको सैद्धान्तिक चिनारी गरिसकेपछि फरकफरक उपशीर्षकमा रिब्दीकोट क्षेत्रमा प्रचलनमा रहेका फागुगीतहरूको भाव वा विचारको विश्लेषण गरिएको छ ।

## फागुगीतमा भाव वा विचार

फागुगीतमा भाव वा विचार मानव मनमा भक्ति, हर्ष, क्रोध, शोक वा विरह, प्रेम, विस्मयजस्ता भावहरू रहेका हुन्छन् । लोकसाहित्यमा भाव वा विचारको सम्बन्ध लोकको अनुभूतिसँग हुने हुनाले लोकका भावहरूलाई लोकसाहित्यका माध्यमबाट व्यक्त गर्छ । लोकसाहित्यले मानव मनका यिनै अनुभूतिहरूलाई समात्नुपर्छ । अतः लोकले भोगेको समाज र यसमा रहेका मानवीय दिनचर्याले फागुगीतमा भाव निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

भाव वा विचारलाई लोकसाहित्यको आत्मा मानिन्छ । लोकसाहित्यमा निहित रहेको यही आन्तरिक तत्त्व, जसले विषयलाई उजिल्याउँछ र मर्मस्पर्शी बनाउँछ, त्यसैलाई भाव भनिन्छ । "कुनै घटना, परिवेश वा अन्तर्क्रियाद्वारा भावको सिर्जना हुन्छ र भावले नै लोकगीतमा प्राण भर्छ" (पराजुली, २०५७, पृ. ८३) । फागुगीतमा लोकको

जीवनदृष्टि तीक्ष्ण रूपमा रहेको हुन्छ र यसैका माध्यमले भाव वा विचारको निर्माण भएको हुन्छ । यसमा सामान्य रूपमा आएको सौन्दर्यपूर्ण कथ्यले सामान्य रूपमा सौन्दर्यको सिर्जना गर्दछ भने कलात्मक प्रकारको भावव्यञ्जनाले खास विचारको निर्माण गर्छ र त्यस विचारलाई उजिल्याउने कार्य गर्छ । फागुगीतमा लोकभावना र लोकविचारको अभिव्यक्ति गरिएको हुन्छ । यसमा लोकभावना र लोकविचारको अभिव्यक्ति गरिएको हुन्छ । लोकगीत पनि कुनै न कुनै कथ्य वा सन्देश भएको अभिव्यक्ति हो, जसमा व्यक्त गर्नेले केही न केही भनेको भनेको हुन्छ (बन्धु, २०५८, पृ. ११५) । यसमा लोकसमुदायको व्यापक अनुभवमा आधारित दुख-सुख, हर्ष-विस्मात्, प्रेम-पीडा, वेदना आदिको सरल, सहज, स्वाभाविक र प्रभावकारी उद्‌गार व्यक्त भएको हुन्छ यसमा व्यक्तिगत भाव वा विचारको कुनै स्थान हुँदैन । त्यस्तो भाव वा विचार भए पनि त्यसको साधारणीकरण हुन्छ र त्यसले सामूहिक रूप लिन्छ । लोकगीतमा लोकको व्यवहार, विश्वास र परम्पराले विशेष अभिव्यक्ति पाएको हुन्छ । यो सभ्य एवं साक्षर समाजबाट टाढा रहेका जनसमुदायको भावभिव्यक्ति भएकाले यसमा जटिल भाव वा विचारले स्थान पाएको हुँदैन । फागुगीतमा एउटै मूलभावको विस्तार सशक्त ढङ्गमा गरिएको हुन्छ । भावको एकोन्मुखताका कारण यसमा कथ्य जटिल हुन पाउँदै न । कुनै एक भाव वा विचारका अभावमा लोकगीतले मूर्त रूप नलिने हुँदा यसलाई एउटा अनिवार्य तत्त्व मानिन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ७५) । भाव वा विचार सिर्जनात्मक कृतिको मुख्य कथ्य वा अन्तर्वस्तु हो । लोकगीतमा लोकव्यवहार, लोकविश्वास तथा लोकपरम्पराको सरल भावात्मक अभिव्यक्ति हुन्छ । भावात्मक एकोन्मुखता तथा सरलता लोकगीतका मौलिकता हुन् ।

फागुगीतमा लोकजीवनका विविध विषयले स्थान पाएका हुन्छन् । फागुगीतमा संस्कृति, इतिहास, पुराण, राजनीति, लोकविश्वास, विधि, व्यवहार, प्रचलनजस्ता समाजका विविध पक्षहरू चित्रित हुन्छन् । फागुगीतमा विषयवस्तुगत विविधताले निश्चित भाव वा विचार प्रस्तुत गरेको हुन्छ । फागुगीतको भाव भनेको यसमा निहित रहेको आन्तरिक सौन्दर्य पनि यहो । भावगत गहनताका कारण कुनै पनि विषयमा कथिएको फागुगीतले जनमानसमा लोकप्रियता पाउँछ । फागुगीतको भाव वा विचारमा नै यसको खास अस्तित्व निहित रहने हुनाले भावलाई यसको महत्त्वपूर्ण घटकका रूपमा लिइन्छ ।

## रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतको भाव वा विचारको विश्लेषण

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा विषयगत विविधतासँगै वस्तुअन्तर्गत पर्ने भाव वा विचारमा पनि विविधता रहेको पाइन्छ । यस अध्ययनका लागि सङ्कलन गरिएका फागुगीतहरूमा सामाजिक, पौराणिक, ऐतिहासिक, राजनैतिक, भौगोलिक तथा कतिपयमा समसामयिक विषयवस्तु रहेको पाइन्छ । यहाँका फागुगीतमा धार्मिक पक्षको अभिव्यक्ति, सांस्कृतिक पक्षको अभिव्यक्ति, खुसियाली र हर्षभावको अभिव्यक्ति, विरह र वेदनाको अभिव्यक्ति, ईश्वरीय भक्तिको भावना, ऐतिहासिक तथा भौगोलिक यथार्थको चित्रण, देशप्रेम तथा राष्ट्रिय स्वाधीनताको भावनाको अभिव्यक्ति तथा वीरता, पराक्रम र उत्साहको भावनाको अभिव्यक्ति रहेको पाइन्छ । यहाँ एक प्रकारको भाव बोकेका फागुगीतहरूलाई एकै स्थानमा राखेर तिनमा अभिव्यक्त भावात्मक पक्षको विश्लेषण तल गरिएको छ ।

### धार्मिक एवं सांस्कृतिक पक्षको अभिव्यक्ति

रिब्दीकोट क्षेत्रमा धर्मकर्मका लागि पूजाआजा गर्दा, मन्दिर वा तीर्थस्थल जाँदा विभिन्न धार्मिक तथा सांस्कृतिक गीतहरू गाउने गरिन्छ । लोकगीतमा मानिसको जन्मदेखि मृत्युसम्मका संस्कार र अनुसरण गरिएको धर्मअनुसारका मान्यताको प्रस्तुति हुन्छ । यस क्षेत्रमा धेरैजसो हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको हुनाले सोही अनुसारका धार्मिक तथा सांस्कारिक गीतहरूजस्तै फागुपर्वका अवसरमा यहाँ फागुगीत पनि गाउने गरिन्छ । यहाँ प्रचलित अधिकांश फागुगीत धार्मिक विषयमा रहेका र यस्ता गीतले ईश्वर भक्तिको भावलाई उजागर गरेको देखिन्छ । यस्ता फागुगीतको विषय ईश्वरीय शक्तिको महिमा र यस संसारको सृष्टि, पालन तथा संरक्षणमा ईश्वर वा दैवी शक्तिको भूमिकालाई प्रस्तुत गर्नु रहेको देखिन्छ । यहाँ प्रचलित फागुगीतमध्ये भगवानका अवतारसम्बन्धी फागुगीत, भगवान् शिवको महिमासम्बन्धी फागुगीत, चीर गाड्दा र दहन गर्दा गाइने फागुगीत, कृष्ण भगवान्सम्बन्धी फागुगीत, पाप वा पुण्यसम्बन्धी फागुगीत, नेपालका धार्मिकस्थलसम्बन्धी फागुगीत, कालीनागसम्बन्धी फागुगीत र होलिका देवीसम्बन्धी फागुगीत, फागुपर्वसम्बन्धी फागुगीत, पाल्पाको भूगोल र धर्मसंस्कारसम्बन्धी फागुगीत,

नेपालका पर्वहरूसम्बन्धी फागुगीत र गर्गहना र पहिरनसम्बन्धी फागुगीतमा, धार्मिक एवं सांस्कृतिक पक्षको चित्रण गरिएको पाइन्छ ।

रिब्दीकोट क्षेत्रमा फागु खेल्ने आफ्नै संस्कृति र परम्परा रहेको छ । फागुपर्वका अवसरमा यहाँ यस गीतको आरम्भ सर्वप्रथम फागुन शुक्ल अष्टमीका दिन चीर गाडेपछि हुन्छ । चीर गाडेपछि त्यहाँ जम्मा भएका पुरुषहरू दुई समूहमा विभाजित भई टेम्का, ढोलक र मजुरा बनाउँदै चीरको वरिपरि घुमेर बाजाको तालमा गीत गाउँदै नाच्ने परम्परा रहेको छ । यसरी फागुगीतको प्रारम्भ गरिन्छ र पूर्णिमाका दिनसम्म घरघरमा गएर नाचगान गरिन्छ अनि त्यसै दिन साँझ चीरदहन गरिन्छ । यसलाई स्थानीय भाषामा चीर पोल्ने भनिन्छ । चीर पोल्दा पनि चीर गाड्दा जस्तै त्यसको वरिपरि घुमेर निश्चित गीत गाउँदै नाच्ने गरिन्छ र त्यसको अर्को दिन जनजातीय युवाद्वारा चीर पोलेको ठाउँमा धुलो (खरानी) उडाएर फागुगीत गाउँदै भैरवस्थानको मन्दिरमा पुगेर फागु बिसर्जन गर्ने परम्परा रहेको छ । यस कुरालाई चीर गाड्दा र दहन गर्दा गाइने फागुगीतको निम्नलिखित अंशले पुष्टि गर्दछ :

रक्षा गर यानी भवानी
देवी सुमेरा रक्षा गर हामी भवानी हो
देवीका थानमा  लिपेम् लापेम्
लम्बे धजा फहरा
ए हो !  लम्बे धजा फहरा
रक्षा गर यानी भवानी
देवी सुमेरा रक्षा गर हामी भवानी हो
देवीका थानमा हलहले पाती
देवीका थानमा हलहले पाती
लम्बे धजा फहरा
ए हो !  लम्बे धजा फहरा
रक्षा गर यानी भवानी ।

यसरी चीर गाड्दा र चीर दहन गर्दा अनि देवी देवताको मन्दिरमा जाँदा देवी सुमेरा हाम्रो रक्षा गर भन्दै देवीका थानको वरिपरि घम्दै गाउँदै गरिन्छ । त्यसैगरी देवीका थानमा पातीको लिँगो गाडेर ध्वजा पतका फहराई शङ्ख र घण्ट बजाएर पूजा आराधना गरेको प्रसङ्गले धार्मिक तथा सांस्कृतिक पक्षको अभिव्यक्ति रहेको पुष्टि हुन्छ ।

फागुपर्वका अवसरमा गाइने गीतमा मानव जातिको उत्पत्ति, मानव समाजको निर्माणमा भगवान्को भूमिकाको चर्चा गरिएको पाइन्छ । किम्बदन्तीअनुसार पानीबाट प्राणीको सृष्टि भएको, ब्रह्मा, विष्णु, महेश्वर जस्ता भगवान्ले चौबीस किसिमका अवतार लिएर पृथ्वीको उत्पत्ति र संरक्षण गरेको एवं मानव तथा अन्य प्राणीको उत्पत्ति र संरक्षण गरेको कुराको वर्णन गरेको पाइन्छ । यस कुरालाई तलको उदाहरणले स्पष्ट पार्दछ :

चौविसै अवतार नारायणका नाम
चौविसै अवतार नारायणका नाम
पहिलो अवतार मत्स्य रूपको
पहिलो अवतार मत्स्य रूपको
दोसरी अवतार कुरुम रूपको भगवान्
ए हो ! दोसरी अवतार कुरुम रूपको भगवान्
चौविसै अवतार नारायणका नाम
चौविसै अवतार नारायणका नाम
दोसरी अवतार कुरुम रूपको
दोसरी अवतार कुरुम रूपको
तेसरी अवतार वराह रूपको भगवान्
ए हो ! तेसरी अवतार वराह रूपको भगवान् ।

मानव जाति तथा अन्यसम्पूर्ण प्राणीहरूको उत्पत्ति र संरक्षणका लागि नारायण भगवान्‌ले विभिन्न अवतार लिएको कुरा उपर्युक्त दृष्टान्तबाट पुष्टि हुन्छ। भगवानका अवतारसम्बन्धी फागुगीतमा नारायण भगवान्‌ले प्राणीको रक्षाका लागि सबैभन्दा पहिले मत्स्य वा माछाको अवतार लिएको, दोस्रो अवतार कुर्म वा कछुवाको र तेस्रो अवतार वराह वा सुँगुरको लिएको र एवं रीतले चौबीस अवतार लिएको कुरा चित्रण गरिएको पाइन्छ। यसरी यस फागुगीतमा स्पष्ट रूपमा धार्मिक एवं सांस्कृतिक भाव झल्किएको पाइन्छ।

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा नेपालका चार धामलगायतका प्रसिद्ध धार्मिक तथा तीर्थ स्थलको महिमाको वर्णन गरिएको पाइन्छ। नेपालका धार्मिक स्थलसम्बन्धी फागुगीतमा नेपालका चार धाममा पर्ने मुक्ति क्षेत्र, पाशुपत् क्षेत्र, बराह क्षेत्र र रुरु क्षेत्रका साथै अन्य भार्मिक स्थलको पनि चर्चा गरिएको पाइन्छ। यस कुरालाई तल प्रस्तुत गरिएको दृष्टान्तले पुष्टि गर्छ :

हरहर विमानमा घुमनुभयो
आफै भगवान् घुमनुभयो
रुरुका धाममा पुग्नुभयो भगवान्
रुरुका धाममा पुग्नुभयो भगवान्
हृषिकेश बाबाको दरिशन भयो भगवान्
ए हो ! हृषिकेश बाबाको दरिशन भयो भगवान्
हरहर विमानमा घुमनुभयो
आफै भगवान् घुमनुभयो
मुक्तिनाथ कुन्डलमा पुग्नुभयो भगवान्
ए हो ! मुक्तिनाथ कुन्डलमा पुग्नुभयो भगवान्
उनै विस्नु भगवानको दरिशन भयो
उनै विस्नु भगवानको दरिशन भयो
पशुपति क्षेत्रमा पुग्नुभयो भगवान्
पशुपति क्षेत्रमा पुग्नुभयो भगवान्
वराह क्षेत्रमा पुग्नुभयो भगवान्
ए हो ! वराह क्षेत्रमा पुग्नुभयो भगवान्।

नेपालका धार्मिक स्थलसम्बन्धी फागुगीतमा भगवान्‌ले सर्वप्रथम रुरु धाममा गई हृषिकेश बाबाको दर्शन गरेर मुक्तिनाथ कुण्डलमा गई विष्णु भगवान्‌को दर्शन गरेको, पशुपति क्षेत्रमा गई पशुपतिनाथको दर्शन गरेको, वराह क्षेत्रमा गएर भगवान्‌को दर्शन गरेको, देवघाट धाममा गई, गङ्गास्नान गरेको र स्वर्गद्वारी पीठमा पुगी वेद र पुराणको महिमा बढाएको विषय चित्रण गरिएको छ। नेपालका यी ठाउँहरू धार्मिक र सांस्कृतिक दृष्टिकोणले निकै महत्त्वपूर्ण ठाउँहरू हुन् भने वेद र पुराण पनि हिन्दू धर्मका महत्त्वपूर्ण धार्मिक ग्रन्थहरू हुन्। त्यसैले रिब्दीकोट क्षेत्रमा प्रचलनमा रहेका फागुगीतमा उपर्युक्त किसिमका धार्मिक तथा सांस्कृतिक पक्षको महिमा गान गरिएको हुनाले यस क्षेत्रको फागुगीतमा धार्मिक तथा सांस्कृतिक पक्षको अभिव्यक्ति रहेको कुरा माथिको उदाहरणबाट पनि पुष्टि हुन्छ।

**विरह र पीडाको अभिव्यक्ति**

लोकगीतमा जस्तै फागुगीतमा पनि एउटा प्रमुख विषयका रूपमा विरह र पीडा रहेको हुन्छ। यस्ता फागुगीतमा आपत विपतमा परेकाको विरह र विछोडको वेदना समेटिएको हुन्छ। यस्ता गीत टेम्का ढोलक र मजुराजस्ता वाद्यवादन बजाएर कण्ठ्य रूपमा दुई समूह बनाई नृत्यसहित गाउने गरिन्छ। रिब्दीकोट क्षेत्रमा प्रचलनमा रहेका अधिकांश फागुगीतमा पौराणिक विषयवस्तु रहेको पाइन्छ। यहाँका फागुगीतमध्ये कतिपयमा दशरथ राजाको शोक तथा राम र सीताको वनबाससम्बन्धी पीडाका भावहरू छन् भने कतिपयमा चाहिँ वचन पूरा गर्न नसक्दा ऋषिमुनिले दिएको श्रापका कारणले उत्पन्न छटपटी अभिव्यक्त भएको पाइन्छ। यहाँ प्रचलित फागुगीतहरूमध्ये दशरथ राजाको शोकसम्बन्धी फागुगीत, राम र सीताको वनबाससम्बन्धी फागुगीत र सीता हरणसम्बन्धी फागुगीतमा यस किसिमको भाव प्रखर रूपमा अभिव्यक्त भएको पाइन्छ। राजा दशरथसम्बन्धी फागुगीतमा राजा दशरथका तीन बहिनी

रानीहरूबाट पुत्रलाभ नभए पछि हृदय धर्काएर रुँदै विरह भाव व्यक्त गरेको पाइन्छ ; जस्तै :

शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
अयोध्या सहरका दशरथ राजा
अयोध्या सहरका दशरथ राजा
दशरथ राजाका तिन बैनी रानी भगवान्
ए हो ! दशरथ राजाका तिन बैनी रानी भगवान्
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
शोक पऱ्यो दशरथ राजालाई शोक पऱ्यो
तिन बैनी रानीमा एक पुत्र छैनन्
तिन बैनी रानीमा एक पुत्र छैनन्
पुत्र बिना राजाले हृदय धर्काय भगवान्
ए हो ! पुत्र बिना राजाले हृदय धर्काय भगवान् ।

फागुपर्वका अवसरमा गाइने यस्ता गीतमा राजा महाराजादेखि सामान्य नागरिकसम्मले पुत्रलाभ नहुँदा चिन्ता गरेर दुःख मनाउ गर्ने हाम्रो समाजमा रहेको धार्मिक एवं संस्कारगत मान्यतालाई उपर्युक्त दृष्टान्तले पुष्टि गर्दछ । यस उदाहणमा अयोध्याका दशरथ राजा तीन ओटी रानीमध्ये कसैबाट पनि छोरा नजन्मिए पछि हृदय धर्काएर रोएको प्रसङ्गले विरहको भावना प्रस्तुत भएको देखिन्छ ।

राम र सीताको वनबाससम्बन्धी फागुगीतमा पनि दशरथ राजाका प्यारा छोरा राम र बुहारी सीतालाई वनबासको आदेश दिएपछि पुत्रको शोकले राजा बिहोस भएको कारुणिक प्रसङ्ग रहेको छ । यस प्रसङ्गलाई तल प्रस्तुत दृष्टान्तले स्पष्ट पार्दछ :

आपत पऱ्यो दशरथ राजालाई आपत पऱ्यो
आपत पऱ्यो दशरथ राजालाई आपत पऱ्यो
प्यारो छोरा रामलाई वनबास् पऱ्यो
प्यारो छोरा रामलाई वनबास् पऱ्यो
पुत्रको शोकले राजा बिहोस् भए भगवान्
ए हो ! पुत्रको शोकले राजा बिहोस् भए भगवान्
आपत पऱ्यो दशरथ राजालाई आपत पऱ्यो
आपत पऱ्यो दशरथ राजालाई आपत पऱ्यो
वनबासको हुकुम भयो हिँडे उसै दिन
वनबासको हुकुम भयो हिँडे उसै दिन
लछुमन सीतामाई हिँडे सँगसँगै भगवान्
ए हो !  लछुमन सीतामाई हिँडे सँगसँगै भगवान् ।

राजा दशरथले रानीको वाचाबन्धनमा परेर आफ्ना जेष्ठ सुपुत्र रामचन्द्रलाई वनबासको आदेश दिन बाध्य भए । उनले आफ्नो इच्छा विपरीत यस्तो आदेश दिन बाध्य भएका थिए । आफ्नो प्यारो छोरालाई नचाहँदा नचाहँदै पनि वनबासको आदेश दिँन पर्दा पुत्रशोकले राजा बिहोस् भएको प्रसङ्गमा विरह र पीडाको भावना अन्तर्घुलित भएर प्रस्तुत भएको कुरा माथिको उदाहरणले पुष्टि गर्दछ ।

सीता हरणसम्बन्धी फागुगीतमा पनि घनघोर जङ्गलबाट सीतालाई रावणले छल गरेर हरण गरी लङ्का पुऱ्याएको र सो कुरा रामले थाहा पाएपछि हृदय धर्काएर रोएको प्रसङ्ग प्रस्तुत गरिएको पाइन्छ । यस प्रसङ्गमा पनि विरह र पीडाको भाव अभिव्यक्त भएको पाइन्छ, जसलाई निम्नलिखित साक्ष्यले पुष्टि गर्छ :

राम सीता जानकीलाई हरनलाई
राम सीता जानकीलाई हरनलाई
राम र लछुमन कुटीमा आए
राम र लछुमन कुटीमा आए
सीतालाई नदेखेर हिर्दय धर्काए भगवान्
ए हो ! सीतालाई नदेखेर हिर्दय धर्काए भगवान्
राम सीता जानकीलाई हरनलाई
राम सीता जानकीलाई हरनलाई ।

उपर्युक्त दृष्टान्तमा राम र सीता वन बासका लागि घनघोर जङ्गलमा जाँदा रावणले मृगको रूप धारण गरी रामलाई झुक्काएर सीतालाई हरण गरेको र पछि राम कुटीमा आउँदा सितालाई नदेखेर छटपटिएर रोएको विषय व्यक्त गरिएको छ । यहाँ रावणको छलकपटमा परी सीता अपहरित भएको र राम र लक्ष्मण दुई भाइ सीताको खोजीमा भौतारिँदै यत्रतत्र जाँदा पनि सीतालाई पाउन नसक्दा निरास भएर रोएको प्रसङ्गले विरह र पीडाको भावना प्रखर रूपमा आएको पुष्टि हुन्छ ।

**खुसियाली र हर्षको अभिव्यक्ति**

लोकगीतमा जस्तै फागुगीतमा प्रमुख विषयका रूपमा विरह र पीडाजस्तै खुसियाली र हर्षको पनि अभिव्यक्ति हुन्छ । रिब्दीकोट क्षेत्रमा प्रचलनमा रहेका कतिगय फागुगीतमा पनि खुसियाली र हर्षको विषयवस्तु रहेको पाइन्छ । यहाँका फागुगीतहरूमध्ये अयोध्याको हर्षसम्बन्धी फागुगीत र राम र जानकीको विवाहसम्बन्धी फागुगीतमा हर्ष र खुसियालीको भावना व्यक्त भएको पाइन्छ । तलको दृष्टान्तबाट यस कुराको पुष्टि हुन्छ :

बाजा बजे अजुध्येमा हरिसका बाजा बजे
बाजा बजे अजुध्येमा हरिसका बाजा बजे
कौशिलाका गरिभमा मनुष्य रूपले
कौशिलाका गरिभमा मनुष्य रूपले
औतार लिनुभयो चतुर्बाहु राम भगवान्
ए हो ! औतार लिनुभयो चतुर्बाहु राम भगवान्
बाजा बजे अजुध्येमा हरिसका बाजा बजे
बाजा बजे अजुध्येमा हरिसका बाजा बजे
रामपछि अजुध्येमा जन्मे भरत
रामपछि अजुध्येमा जन्मे भरत
भरतपछि अजुध्येमा जन्मे सत्रुघन भगवान्
ए हो ! भरतपछि अजुध्येमा जन्मे सत्रुघन भगवान्
बाजा बजे सोर सय नौमती बाजा बजे
बाजा बजे सोर सय नौमती बाजा बजे ।

माथिको फागुगीतको अंश अयोध्याको हर्षसम्बन्धी फागुगीतबाट साभार गरिएको हो । यस गीतमा अयोध्यामा राजा दशरथकी महारानी कौशिलाको गर्भबाट चतुर्बाहु भगवान् रामको जन्म भएपछि चारैतिर खुसियाली छाएको कुरा चित्रण गरिएको पाइन्छ । त्यसैगरी रामपछि भरत, लक्ष्मण र सत्रुघन जन्मेपछि अयोध्यामा सोह्र सय नौमती बाजा बजाएर खुसियाली मनाएको प्रसङ्ग उल्लेख गरिएको छ । त्यसैले यसमा  हर्ष र खुसियालीको भाव व्यक्त भएको पुष्टि हुन्छ ।

राम र जानकीको विवाहसम्बन्धी फागुगीतमा जस्तै अयोध्याको हर्षसम्बन्धी फागुगीतमा पनि राम र जानकीको विवाह उत्सवले मिथिला नगरमा चारैतिर खुसियाली छाएको कुरा चित्रण गरिएको छ । जस्तै :

चारैतिर सहरमा नजर लगाए
चारैतिर सहरमा नजर लगाए
दश हजार वीरले शिवधनु ल्याए भगवान्
ए हो ! दश हजार वीरले शिवधनु ल्याए भगवान्
बाजा बजे सोर सय नौमती बाजा बजे
बाजा बजे सोर सय नौमती बाजा बजे
रामले धनुमाथि नजर लाउनु भयो
रामले धनुमाथि नजर लाउनु भयो
रामले शिवधनु भाँचनु भयो भगवान्
ए हो ! रामले शिवधनु भाँचनु भयो भगवान्
बाजा बजे सोर सय नौमती बाजा बजे
बाजा बजे सोर सय नौमती बाजा बजे
विष्नु भन्ने पऱ्यो मनमा राम्को गरे महिमा
विष्नु भन्ने पऱ्यो मनमा राम्को गरे महिमा
दशरथ राजालाई लिन पठाए भगवान्
ए हो !  दशरथ राजालाई लिन पठाए भगवान् ।

राम र जानकीको विवाहसम्बन्धी फागुगीतमा अयोध्याका राजकुमार राम र मिथिलाकी राजकुमारी जानकीको विवाहसम्बन्धी पौराणिक प्रसङ्ग उल्लेख गरिएको छ । जानकीले सजिलै उठाएको शिवधनु अरु कसैले उठाउन नसकेको सन्दर्भमा राजकुमार रामले उठाएपछि राम र जानकीको विवाह हुने खबर चारैतिर फैलियो फलस्वरूप मिथिला राज्यमा हर्षोल्लास सहित नौमती बाजा बजाएर खुसियाली मनाएको प्रसङ्गले यस गीतमा हर्ष भावको प्रस्तुति रहेको पुष्टि गर्छ । यस कुरालाई उपर्युक्त उदाहरणले पनि स्पष्ट गरेको देखिन्छ ।

**राष्ट्रप्रेमको भावनाको अभिव्यक्ति**

आफ्नो देशप्रतिको अगाध आस्थालाई राष्ट्रप्रेम भनिन्छ । अन्य लोकगीतमा जस्तै फागुगीतमा पनि र ाष्ट्रप्रमको भावनाको अभिव्यक्ति हुन्छ । रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा पनि राष्ट्रप्रमको भावना अभिव्यक्त भएको पाइन्छ । यस क्षेत्रमा प्रचलनमा रहेका फागुगीतमध्ये नेपालको राष्ट्रियता सम्बन्धी फागुगीतमा यस किसिमको भाव व्यक्त भएको पाइन्छ । यस गीतमा नेपाल आमा राम्री एवं धनी छन् त्यसैले यो देश बनाउँन जाऔं साथी हो भनेर विदेशमा रहेका नेपालीलाई पनि यही स्वर्गजस्तो आफ्नो देशमै बसेर पसिना बगाउन आह्वान गरिएको छ । जस्तै :

चलो नेपाल देश जाउँ हो साथी हो
चलो नेपाल देश जाउँन हो
हाम्री आमा राम्री नेपाल छन् धनी
नेपालका छोराछोरी विदेश पलायन
धरती स्वर्ग छ नि यहीँ नेपाल देशमा
श्रम पसिना बगाउँ है आफ्नै देशमा
चलो नेपाल देश जाउँ हो साथी हो
चलो नेपाल देश जाउँन हो
उत्तरै दिशामा सेता हिमाल हाँसेका
ताहीँबाट छङछङ गर्दै हिम नदी खसेका
पर्यटकलाई घुमाउन हाम्रा पाखा लहर
आर्थिक विकास गर्नलाई नदी नहर
ए चलो नेपाल देश जाउँ हो साथी हो ।

यस फागुगीतमा नेपालप्रतिको अगाध आस्था प्रकट गरिएको छ भन्ने कुरालाई माथिको गीतको अंशले पनि पुष्टि गर्छ । नेपाल प्राकृतिक रूपमा सुन्दर र धनी देश हो । स्वर्गजस्तो यस धर्तीमा आर्थिक विकासको प्रचुर संभावना हुँदाहुँदै पनि नेपालका छोराछोरीहरू विदेश पलायन भएको अवस्थाप्रति दुःख प्रकट गर्दै विदेशमा गएका नेपालीहरूलाई पनि आफ्नै देशमा आएर श्रम गर्न आह्वान गरिएको छ । उत्तरतिरका सेता हिमाल र पहाडका पाखापहरामा पर्यटकलाई घुमाएर पर्यटनको विकास गर्ने, कृषि क्षेत्रको विकास गर्ने तथा बन्द उद्योग र कलकारखाना खोलेर रोजगारी सिर्जना गरी देशलाई आत्मनिर्भर बनाउनु पर्छ , साथै हामीले हाम्रो भाषा र संस्कृतिमा गर्व गर्नपर्छ, राजमार्ग र रेलमार्ग खोलेर पराधीन सोचाइमाथि धावा बोल्नुपर्छ र नेपाल आमाको मुहार हँसाउन युवाहरूले कम्मर कसेर लाग्नुपर्छ भन्ने भावना यस फागुगीतमा अभिव्यक्त भएको पाइन्छ । गीतका यी प्रसङ्गहरूले यस गीतमा रहेका राष्ट्रियताको भानवनालाई पुष्टि गरेको देखिन्छ ।

**ऐतिहासिक तथा भौगोलिक पक्षको अभिव्यक्ति**

पाल्पा जिल्लाको रिब्दीको क्षेत्र भौगोलिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्त्वपूर्ण ठाउँ हो । यहाँको भौगोलिक बनावट पनि विशिष्ट किसिमको रहेको छ । त्यसैले यहाँ प्रचलित फागुगीतमा यस क्षेत्रका चर्चित र ऐतिहासिक स्थलहरूको वर्णन गरिएको पाइन्छ। यो क्षेत्र ऐतिहासिक दृष्टिले पनि चर्चित छ। यस क्षेत्रमा सेन वंशीय राजाले शासन गरेका थिए । रुद्र सेनले सोह्रौं शताब्दीमा पाल्पा तानसेनबाट नौ कि. मि. पश्चिममा पर्ने सिलाङथोक नजिकैको थुम्कोमा रहेको पुर्नाकोट (पुरानो कोट) लाई राजधानी बनाएर शासन गरेका थिए । पाल्पाको तानसेनमा रहेको दरबार र त्यसको उत्तरतिर रहेको सित्तल पाटीको ठुलो ढोका अनि काली गण्डकीको किनारमा रहेको रानीमहल पनि ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण कुराहरू हुन् । रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमध्ये पाल्पाको भूगोल र धर्मसंस्कारसम्बन्धी फागुगीतमा यिनै ऐतिहासिक तथ्यहरूको चित्रण गरिएको पाइन्छ ; जस्तै :

गाऊ गाऊ दाजुभाइ पाल्पाको फाउ
टेम्का र ढोलकी मजुरा बजाऊ
सोरौं शताब्दीका सेन वंशी राजा
सोरौं शताब्दीका सेनवंशी राजा
सेनवंशी राजाको राज्य भूमि पाल्पा भगवान्
ए हो ! सेनवंशी राजाको राज्य भूमि पाल्पा भगवान्
गाऊ गाऊ दाजुभाइ पाल्पाको फाउ
टेम्का र ढोलकी मजुरा बजाऊ
पुर्ना कोटमा राजाको थियो दरबार
पुर्ना कोटमा राजाको थियो दरबार
चारैतिर राजाले राज्य बढाए भगवान्
ए हो ! चारैतिर राजाले राज्य बढाए भगवान्
गाऊ गाऊ दाजुभाइ पाल्पाको फाउ
टेम्का र ढोलकी मजुरा बजाऊ
दरबारको पूर्वतिर मन्दिर बनाए
दरबारको पूर्वतिर मन्दिर बनाए
भैरव बाबाको स्थापना गरे भगवान्
ए हो ! भैरव बाबाको स्थापना गरे भगवान् ।

यस फागुगीतमा ऐतिहासिक पक्षको सशक्त रूपमा गरिएको छ भन्ने कुरा माथिको दृष्टान्तबाट पुष्टि हुन्छ । यसमा पाल्पा सेन वंशीय राजाको राज्यभूमि रहेको कुरा उल्लेख गरिएको पाइन्छ । उनीहरूले रिब्दीकोट क्षेत्रमा पर्ने पुर्नाकोटमा राजधानी बनाई शासन चलाएको र पूर्वपट्टिको थुम्कोमा पुरातात्त्विक महत्त्वले युक्त भैरवको मन्दिर बनाएर पूजाआजा गर्ने गरेको कुराका साथै पाल्पा तानसेनको दरबार र त्यसको ठुलो ढोका अनि खड्ग शमशेरले आफ्नी रानीको सम्झनामा बनाएको काली गण्डकीको किनारमा रहेको नेपालको ताजमहलको चित्रण गरिएको पाइन्छ ।

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतमा ऐतिहासिक पक्षको मात्र होइन, भौगोलिक पक्षको पनि सशक्त रूपमा गरिएको पाइन्छ। सेन वंशीय राजाले राजधानी बनाएर शासन गरेको पुरानोकोट दरबार र त्यस वरिपरिको भौगोलिक अवस्थाको वर्णन पुरानोकोट दरबारसम्बन्धी फागुगीतमा गरिएको छ, जसलाई तल प्रस्तुत गीतको अंशले प्रस्ट पार्छ :

पुर्नाकोटे मैयारानी खुशी पार्नलाई
पोखरीमा पूजा गरी बलि चढाई
तारेभीरको शिरमा दरबार बनाए
तारेभीरको शिरमा दरबार बनाए
पुरुवमा खदलुक चोक पश्चिम हार्थोक
उत्तरमा नारनथोक दक्षिण कोटथोक
चारैकोटको बिचमा बनाए दरबार भगवान्
ए हो ! चारैकोटको बिचमा बनाए दरबार भगवान्
पुर्नाकोटे मैयारानी खुशी पार्नलाई
पोखरीमा पूजा गरी बलि चढाई
दरबारको दक्षिणपट्टि पोखरी बनाए
दरबारको दक्षिणपट्टि पोखरी बनाए
पोखरीमा पूजा गरी बलि चढाए भगवान्
ए हो ! पोखरीमा पूजा गरी बलि चढाए भगवान्
पुर्नाकोटे मैयारानी खुशी पार्नलाई
पोखरीमा पूजा गरी बलि चढाई
रानीको नामबाट रानीठाँटी नाम
रानीको नामबाट रानीठाँटी नाम
सामाकोटमा पैसा छाप्ने टक्सार बनाए भगवान्
ए हो ! सामाकोटमा पैसा छाप्ने टक्सार बनाए भगवान् ।

पुरानोकोट दरबारसम्बन्धी फागुगीतको प्रस्तुत अंशमा पुरानोकोट दरबारको वरिपरिको भौगोलिक अवस्थितिको चित्रण गरिएको छ। तारेभीरको शिरमा अवस्थित दरबारको पूर्वमा खदुलचोक, पश्चिममा हार्थोक, उत्तरमा नारायणथोक र दक्षिणमा कोटथोक रहेको कुरा चर्चा गरिएको पाइन्छ । यस आधारमा रिब्दीको क्षेत्रका फागुगीतमा भौगोलिक पक्षको चित्रण गरिएको कुरा पुष्टि हुन्छ ।

## निष्कर्ष

रिब्दीकोट क्षेत्रमा प्रचलित फागुगीतहरूमा सामाजिक, ऐतिहासिक, भौगोलिक, भार्मिक, सांस्कृतिक एवं पौराणिक विषयवस्तु समाविष्ट भएको पाइन्छ। यी फागुगीतमा समाविष्ट विभिन्न विषयवस्तुका माध्यमबाट हर्ष र खुसियाली, विरह र वेदना, राष्ट्रप्रेमको भावना, धार्मिक एवं सांस्कृतिक चेतना, पाप र पुण्यसम्बन्धी विश्वास, मानव जीवनको महिमा गान तथा भौगोलिक र ऐतिहासिक चेतना मुखरित भएको पाइन्छ। यहाँ प्रचलित पौराणिक विषयमा आधारित फागुगीतमा विशेषगरी भागवत, पुराण, रामायण र महाभारतका प्रसङ्गको उल्लेख गरिएको पाइन्छ, जसमा पुराणअन्तर्गत कलि र परीक्षित्सम्बन्धी प्रसङ्ग, रामायणअन्तर्गत अयोध्यामा दशरथ राजालाई पुत्रलाभ नभएपछिको शोक र विरहको अभिव्यक्ति, राजा दशरथले यज्ञ गरी पुत्रलाभ भएपछिको हर्ष र खुसियालीको अभिव्यक्ति, राम र जानकीको विवाह उत्सवको हर्ष,राम र सीताको वनबास, सीताहरणसम्बन्धी विरह र वेदनाको अभिव्यक्ति, लङ्काबाट सीताको उन्मुक्तिको अभिव्यक्ति रहेको पाइन्छ । महाभारतअन्तर्गत वृन्दावनमा श्रीकृष्णको लीला र महिमाको प्रस्तुति रहेको पाइन्छ । यहाँका चाडपर्वसम्बन्धी फागुगीतको छुट्टै सांस्कृतिक महत्त्व रहेको छ । यहाँ प्रचलनमा रहेका धार्मिक फागुगीतले ईश्वर भक्तिको भावलाई उजागर गरेका र ईश्वरीय शक्तिको महिमा र यस संसारको पालन तथा संरक्षणमा ईश्वर वा दैवी शक्तिको भूमिकालाई प्रस्तुत गरेका छन् । यी धार्मिक गीतहरूको भावभूमि धर्म वा संस्कारजन्य कुरा र तिनको अर्थ तथा भक्तिमार्गसँग जोडिएको छ । यहाँ प्रचलित राष्ट्रियतासम्बन्धी फागुगीतमा स्वर्गजस्तो

सुन्दर नेपाल राष्ट्रको मुहार फेर्न र मातृभूमिलाई हँसाउन विदेशिएका युवाहरू स्वदेशमै फर्किएर यसलाई स्वाधीन बनाउनु पर्ने कुराको अभिव्यक्ति रहेको पाइन्छ भने भौगोलिक र ऐतिहासिक फागुगीतमा पाल्पा जिल्लाको भौगोलिक अवस्थितिको चित्रण गर्नुका साथै सेन वंशीय राजाले राजधानी बनाई राज्य गरेको पुरानोकोट दरबार अनि त्यसको नजिकै भैरवस्थानमा अवस्थित एसियाको सबै भन्दा ठुलो त्रिशुल भएको भैरवको मन्दिर, पाल्पाको सदरमुकाममा रहेको दरबार र त्यसको ठुलो ढोका तथा नेपालको ताजमहल भनेर चिनिने कालीगण्डकीको किनारमा रहेको रानीमहलको महिमागान गरिएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, गोविन्दप्रसाद (२०६२), लोकगीतको विश्लेषण, काठमाडौं : पैरवी प्रकाशन ।

जिसि, झपेन्द्र (२०७८), फागु संस्कृति : एक अध्ययन, पाल्पा : सामुदायिक बहुसञ्चार केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०७५), नेपाली लोकसाहित्य, काठमाडौं : एकता बुक्स ।

लामिछाने, कपिलदेव (२०७७), लोकसाहित्य सिद्धान्त, काठमाडौं नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल खगेन्द्रप्रसाद (२०६२), कविताको संरचनात्मक विश्लेषण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, ऋषिप्रसाद (२०६४), नेपाल राष्ट्रिय चाडपर्व, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), शैली विज्ञान, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।